सर्वोच्च अदालत, संयुक्त इजलास
सम्माननीय का.मु. प्रधान न्यायाधीश श्री सुशीला कार्की
माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल

**आदेश**

०७२-WH-००५१

विषयः- बन्दीप्रत्यक्षीकरण ।

कनकमणि दिक्षितको हकमा निजकी पत्नी शान्ता दिक्षित ----------------------- निवेदक

विरुद्ध

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल समेत -------------------------- विपक्षी

यसमा दुवै पक्षको तर्फबाट रहनु भएका विद्वान कानून व्यवसायीहरुको बहससमेत सुनियो।

निवेदिकाको पतिलाई थुनामा राखी भ्रष्टाचार मुद्दाको अनुसन्धान गर्न म्याद थपको माग गरेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०७३।१।१२ को पत्र र विशेष अदालत काठमाडौंबाट मिति २०७३।१।१२ मा निवेदिकाको पति कनकमणि दिक्षितलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १६(४) अनुसार थुनामा राखी अनुसन्धान तहकिकात गर्ने अनुमती दिएकोमा विशेष अदालतबाट सम्बन्धित कागजहरु हेरी तहकिकात सन्तोषजनक रुपमा भएको वा नभएको विचार गरी सन्तोषजनक रुपले तहकिकात भएको अवस्थामा आधार र कारण खुलाई थुनामा राखी अनुसन्धान तहकिकात गर्न अनुमति दिनु पर्नेमा विशेष अदालतबाट १० दिन म्याद दिंदा त्यस्तो प्रक्रिया अवलम्बन गरेको नदेखिंदा निवेदिकाको पतिलाई मिति २०७३।१।१० देखि लागू हुने गरी १० दिन थुनामा राखी मुद्दामा अनुसन्धान गर्ने गरी मिति २०७३।१।१२ मा भएको आदेश उक्त ऐनको दफा १६(४) को बर्खिलाप देखिई निवेदिकाको पतिको थुना कानूनसम्मत नदेखिंदा अन्य मुद्दा वा कारणबाट निवेदिकाको पतिलाई थुनामा राख्नु नपर्ने भए प्रस्तुत मुद्दाबाट निवेदिकाको पति कनकमणि दिक्षितलाई बन्दीप्रत्यक्षीकरणको आदेशद्वारा थुनामुक्त गरी दिएको छ।

निवेदिकाको पति उपरको भ्रष्टाचार मुद्दाको अनुसन्धान कारवाही शुरु गरेको देखिंदा सो मुद्दामा कारवाही गर्न आवश्यक देखिएमा निवेदिकाको पतिको नाउँमा कानून बमोजिम म्याद जारी गरी झिकाई साधारण तारेखमा राखी मुद्दाको कारवाही अगाडि बढाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोगको नाउँमा परमादेशको आदेश समेत जारी गरी दिएको छ। प्रस्तुत मुद्दाको फैसलाको पूर्णपाठ तयार हुन समय लाग्ने हुँदा यो संक्षिप्त आदेश गरी दिएको छ। कानून बमोजिम गर्नू।

न्यायाधीश

का.मु.प्रधान न्यायाधीश

ईति संवत् २०७३ साल वैशाख २० गते रोज २ शुभम् --------------------------।